नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र नेपाल भ्रमणमा रहनुभएका चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोगका अध्यक्ष महामहिम चेन सियाओदोङ्गको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलविच भेटवार्ता सम्पन्न भयो। उक्त भेटवार्ताको क्रममा नेपाल तथा चीन विचको द्विपक्षीय सम्बन्ध लगायत विकास साझेदारीका विभिन्न पक्षहरुमा चर्चा भयो। साथै मित्रराष्ट्र चीनको सहयोगमा संचालित र नयाँ आयोजनाहरुका बारेमा समेत छलफल भयो।

उक्त भेटवार्तामा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीले टोखा छहरे सुरुङ्ग मार्ग हुदै रसुवागढी जोड्ने राजमार्गको निर्माण तथा स्तरोन्नती, काठमाडौं चक्रपथ दोस्रो चरणको विस्तार आयोजना, किमाथांका खाँदवारी सडक, मितेरी पुल तथा एकीकृत जाँच चौकी निर्माण, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पुर्वाधार विकास, नेपाल-चीन मैत्री औद्योगिक पार्क दमक र पाँचखाल विशेष आर्थिक क्षेत्रको विकासका साथै हालैको बाढीले क्षति पुर्याएको रसुवागढी नाका, पुल तथा एकीकृत जाँच चौकीको पुनर्निर्माण लगायत अन्य आयोजना छिटो कार्यान्वयनमा लैजान चिनियाँ पक्षलाई अनुरोध गर्नुभयो।

सो अवसरमा चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोगका अध्यक्ष महामहिम चेन सियाओदोङ्गले उल्लेखित आयोजनाहरु चीनको प्राथमिकतामा रहेको जानकारी गराउँदै मित्रराष्ट्रहरुको विकासलाई चीनले उच्च प्राथमिकतामा राखेकोले नेपालको विकास र प्रगतिमा आगामी दिनमा चीनको सहयोग अझ सुदृढ पारिने कुरा व्यक्त गर्नुभयो।

उक्त द्विपक्षीय भेटवार्ता पश्चात चिनियाँ सहयोगमा संचालित केही परियोजनाका दस्तावेजहरुमा हस्ताक्षर गर्ने कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीले नेपाल चीन बहुआयामिक सम्बन्धको चर्चा गर्दै नेपाल भ्रमण गर्नु भएकोमा चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोगका अध्यक्षलाई धन्यबाद दिनुभयो। उच्चस्तरीय भ्रमणले दुई पक्षीय सम्बन्धलाई अझ उचाईमा पुर्याउने विचार व्यक्त गर्नुभयो।

उक्त अवसरमा चितवनको भरतपुर स्थित वि. पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो ट्रान्सप्लान्टेशन निर्माण सम्बन्धि आयोजना र निजामती कर्मचारी अस्पतालको विस्तार गर्न सम्भाव्यता अध्ययन गर्ने सम्बन्धि २ वटा आदान-प्रदान पत्र (Letter of Exchange) मा हस्ताक्षर भयो। उक्त आदान प्रदान पत्रमा नेपालको तर्फबाट अर्थ सचिव घनश्याम उपाध्याय र चीनको तर्फबाट चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोगका अध्यक्ष चेन सियाओदोङ्गले हस्ताक्षर गर्नुभयो। भरतपुर स्थित वि. पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा १८३४ बर्ग मिटर क्षेत्रफलको बोनम्यारो क्यान्सर उपचार केन्द्रको निर्माण तथा आवश्यक मेसिनरीको जडान हुनेछ। यसबाट बोनम्यारो क्यान्सरको उपचारमा उल्लेख्य योगदान पुग्नेछ। त्यस्तै निजामती कर्मचारी अस्पतालको विस्तारको सम्भाव्यता अध्ययन हुनेछ। यी दुइ सम्झौताको कार्यान्वयनबाट नेपालको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

यही अवसरमा नेपाल र चीनविच मानव संशाधन विकास सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भयो। यसबाट १२७० जना सरकारी कर्मचारीलाई चीनका विभिन्न संस्थाहरुले आयोजना गरेको द्विपक्षीय तथा बहुपक्षीय सेमिनारमा भाग लिने अवसर प्राप्त हुनेछ।

यही अवसरमा रसुवागढी केरुङ्ग सिमापार ट्रान्समिसन लाईन निर्माणको सम्भाव्यता अध्ययन सम्बन्ध माइन्युटमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र चीनको अन्तर्राष्ट्रिय विकास सहायता नियोगका अध्यक्षले हस्ताक्षर गर्नुभयो। यसबाट रसुवागढी केरुङ्ग ट्रान्समिसन लाइन निर्माण सम्बन्धि सम्भाव्यता अध्ययनको काम अगाडी बढ्नेछ।

अर्थ मन्त्रालय

२०८२ साउन ५ गते